बैठक संख्या १३

आज मिति २०७४ साल माघ ९ गतेका दिन बेलुका ५:०० तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष एवम नगर प्रमुख श्री बासुदेव घिमिरेज्यूको अध्यक्षतामा वसी तपसिल बमोजिमको उपस्थितीमा निम्नअनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | नगर प्रमुख श्री बासुदेब घिमिरे | नगर कार्यपालिका अध्यक्ष |
| २. | नगर उप प्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य |
| ३. | श्री तामानाथ पाण्डेय | नगर कार्यपालिका सदस्य |
| ४. | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य |
| ५. | श्री टंक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य |
| ६. | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य |
| ७. | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य |
| ८. | श्री सुखदेव न्यौपान | नगर कार्यपालिका सदस्य |
| ९. | श्री दुर्गाप्रसाद पाण्ड | नगर कार्यपालिका सदस्य |
| १०. | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य |
| ११. | श्री नारायण न्यौपान | नगर कार्यपालिका सदस्य |
| १२ | श्री व्यास मुन थारु | नगर कार्यपालिका सदस्य |
| १३. | श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यपालिका सदस्य |
| १४. | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य |
| १५. | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य |
| १६. | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य |
| १७. | श्री खेमराज गुरुङ्ग | नगर कार्यपालिका सदस्य |
| १८. | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य |
| १९. | श्री दान बहादुर चौधरी | नगर कार्यपालिका सदस्य |
| २०. | श्री गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य |
| २१. | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य |
| २२. | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य |
| २३. | श्री राधा शाही | नगर कार्यपालिका सदस्य |
| २४. | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य |
| २५. | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य |
| २६. | श्री सुरेन्द्र श्री विश्वकर्मा | नगर कार्यपालिका सदस्य |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यपालिका सदस्य |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सदस्य सचिव |

अन्य उपस्थिती:

१. लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आचार्य
२. शाखा अधिकृत श्री सागर गौतम
३. इन्जिनियर श्री गिरीराज डुम्रे
४. स्वकिय सचिव श्री विष्णु प्रसाद अर्याल

प्रस्तावहरु

१. क्रेसर उद्योगसँग बयान लिने सम्बन्धमा ।

२. अनुगमन गरिएका उद्योगमा रहेको, रेखाङ्कन गरिएको र स्रोत नखुलेको नदीजन्य पदार्थ सम्बन्धमा

३. बेवारिसे नदीजन्य पदार्थ सम्बन्धमा ।

४. प्राकृतिक स्रोत र साधन सम्बन्धि जिल्लास्तरीय अनुगमन समितिलाई जानकारी दिने सम्बन्धम ।

निर्णय नं १

- नगर उपप्रमुख श्री जगेश्वरी देवी चैधरी लगायतको अनुगमन समितले अनुगमन गरेका क्रसर उद्योगहरुमा स्रोत नखुलेको नदीजन्य पर्दाथ स्टक राखेको उद्योगका संचालकहरुलाई कार्यालयमा उपस्थित गराई निजहरुसँग थप सोधखोज गर्ने निर्णय गरियो ।

निर्णय नं २

- नगर उप प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिद्धारा अनुगमन गरिएका क्रसर उद्योगमा रेखाङ्कन गरिएको स्रोत नखुलेको नदीजन्य पदार्थ अनुसन्धानको दायरामा रहेको हुँदा अनुसन्धान समाप्त नभएसम्मका लागि सम्बन्धित उद्योगलाई नै उक्त नदीजन्य पदार्थ सुरक्षित तवरले राख्न लगाउने र अनुसन्धान समाप्त भएपश्चात सोही अनुसार हुने व्यहोराको जानकारी समेत सम्बन्धित उद्योगलाई दिने निर्णय गरियो ।

निर्णय नं ३

- सम्बन्धित उद्योगका पदाधिकारीले अवैध नदीजन्य पदार्थ हो भनि स्वीकार गरेको र बेवासरिस अवस्थामा रहेको नदीजन्य पदार्थहरु नगरपालिकाकाले आफ्नो स्वामित्वमा लिने निर्णय गरियो ।

निर्णय नं ४

- तिलोत्तमा नगरपालिकाका नगर उपप्रमुख श्री जगेश्वरी देवी चौधरी लगायतको अनुगमन समितिले मिति २०७४।१०।८ र ९ गते क्रसर उद्योग तथा नदीजन्य पदार्थहरुको संम्बन्धमा गरेको अनुगमन, नगर कार्यापालिकाद्धारा नदीजन्य पदार्थका प्रयोगका सम्बन्धमा सम्पादन भएका समष्टिगत क्रियाकलाप र अनुगमन समितिले आवश्यक ठानेका विषयहरुका बारेमा जिल्लास्तरीय प्राकृति स्रोत तथा साधन अनुगमन समिति र जिल्ला समन्वय समितिलाई जानकारी गराउने निर्णय गरियो ।